# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

**सामान्य सेवा विभाग**

बालुवाटार, काठमाण्डौंको

## २०६५ सालको कार्यालय पात्रो ( **Calendar** ), बैंक समाचार बिशेषाङ्क र **Diary** छपाई गर्ने सम्बन्धी

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६४।१०।२८ गते)

यस बैंकको लागि १२० ग्राम आर्ट पेपरमा बढीमा १२००० थान २०६५ सालको कार्यालय पात्रो र यस बैंकबाट वार्षिक रुपमा प्रकाशित हूने "नेपाल राष्ट्र बैंक समाचार बिशेषाङ्क १४ बैशाख २०६५) ३५०० प्रति अफसेट प्रविधिबाट र करीव १ हजार थान **Diary** छपाई गर्नू पर्ने भएकोले निम्न बमोजिमको शर्तको अधिनमा रही ईच्छुक रजिष्टर्ड छापाखानाहरुबाट यो सुचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन भित्र यस विभागमा आइपूग्ने गरी "कार्यालय पात्रो क्यालेण्डर)","समाचार बिशेषाङ्क" र Diary को लागि छूट्टा छूट्टै शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

| सि. नं | बोलपत्र बिबरण | बोलपत्र फारामको मूल्य (पछि फिर्ता नहूने) | अर्नेष्टमनि वापतको रकम |
|---|---|---|---|
| १. | कार्यालय पात्रो | रु.१,०००।– | कवोल मुल्यको ५ प्रतिशतले हून आउने रकम |
| २. | समाचार बिशेषाङ्क | रु.१०००।– | रु.१५,०००।– |
| ३ | Diary | ५००।– | कवोल मुल्यको ५ प्रतिशतले हून आउने रकम |

(१) बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को २:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार र बैंकिङ्ग कार्यलय थापाथलीबाट खरीद गर्न सकिनेछ ।

(२) बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को मध्यान्न १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा दाखिला भई सक्नु पर्नेछ ।

(३) कार्यालय पात्रो,नेपाल राष्ट्र बैंक समाचार बिशेषाङ्क र Diary छपाइको लागि तीनवटा कार्यहरुको छुट्टाछुट्टै खाममा शिलवन्दी प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) बोलपत्र फारामका साथ विडवण्ड वापत माथि तालिकामा उल्लेख भए बमोजिमको रकम यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगद जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम दिनले न्यूनतम ९० दिन अवधि भएको यस बैंकबाट मान्यता प्राप्त बैंक तथा बित्तीय संस्थाहरुबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

(५) बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को अपरान्ह ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि) खोलिनेछ ।

(६) कूनै सरकारी वा गैर सरकारी संस्थाको कालो सुचीमा परेको बोलपत्रदाताले वोलपत्रमा भाग लिन पाउने छैन ।

(७) वोलपत्र सम्वन्धी अन्य शर्तहरु वोलपत्र फाराम तथा सार्वजनिक खरिद ऐन २०६३ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

(८) यो सूचनाको जानकारी नेपाल राष्ट्र बैकको वेवसाईट www.nrb.org.np वाट पनि लिन सकिने छ ।

**सामान्य सेवा विभाग**

**बालुवाटार**